## कालीमाटी गाउँ कार्यपालिकाको १६औं बैठक

आज मिति २०८१।१।१० गतेका दिन विहान ८.०० बजेको समयमा कालिमाटी गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर खत्रि के.सी. ज्यूको अध्यक्षतामा तपसिल बमोजिम पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल भै देहाय बमोजीमका निर्णयहरु गरियो ।

### उपस्थितिः

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दान बहादुर खत्रि के.सी. | अध्यक्ष | |
| २ | श्री सनसिल्ता वली डि.सी. | उपाध्यक्ष | |
| ३ | श्री कृष्ण प्रसाद पौड्याल | सचिव | |
| ४ | श्री रविलाल बस्नेत | कार्यपालिका सदस्य | |
| ५ | श्री ईन्द्र बहादुर वली | कार्यपालिका सदस्य | |
| ६ | श्री शिव बहादुर खत्रि | कार्यपालिका सदस्य | |
| ७ | श्री वेल बहादुर चन्द | कार्यपालिका सदस्य | |
| ८ | श्री टोप बहादुर कार्की | कार्यपालिका सदस्य | |
| ९ | श्री टेकराज पुलामी मगर | कार्यपालिका सदस्य | |
| १० | श्री मित्रलाल रिजाल | कार्यपालिका सदस्य | |
| ११ | श्री सुमित्रा राना | कार्यपालिका सदस्य | |
| १२ | श्री लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री टंकी परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री डिल्ली कामी | कार्यपालिका सदस्य | |
| १५ | श्री तिल कुमारी कामी | कार्यपालिका सदस्य | |
| १६ | श्री विष्णु वली राजी | कार्यपालिका सदस्य | |

### आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | श्री दिप बहादुर वली | एमआईएस अपरेटर | |
| २ | श्री छविलाल खत्रि | कार्यालय सहयोगी | |

**प्रस्तावहरु:**

१ अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।

२ पालिका भित्रका योजनाहरुको अनुगमन, मूल्यांकन र भूक्तानी सम्बन्धमा।

३ कालीमाटी गाउँपालिकाको भवन निर्माण अनुमति सम्बन्धि कार्यविधि २०८१ को मस्यौदा सम्बन्धमा।

४ महिला, शान्ति र शुरक्षा सम्बन्धि संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन स्थानीय समितिको गठन सम्बन्धमा।

५ डिभिजन जलाधार व्यवस्थापन कार्यालयमा कार्यक्रम प्रस्ताव गरी पठाउने सम्बन्धमा।

६ जस्तापाता वितरणको लागि लाभग्राहीको छनौट सम्बन्धमा।

७ स्वास्थ्य उपचार खर्च सम्बन्धमा।

८ विपद व्यवस्थापन सम्बन्धमा।

९ चन्द्र बहादुर डाँगी स्मृति प्रतिष्ठानको लागि विनियोजीत बजेट सम्बन्धमा।

**निर्णयहरु**

**निर्णय नं. १**

कालिमाटी गाउँपालिका गाउँ कार्यपालिकाको १५ औं बैठकले गरेका निर्णयहरुको समिक्षा गरियो। स्वास्थ्य शिविर सफलता पुर्वक संचालन भै १००० भन्दा बढीलाई सेवा प्रदान गरेको, आवधिक योजना तयारीको लागि वडाहरुमा तथ्याङ्क संकलन गर्ने कार्य सम्पन्न भएको र सबै निर्णयहरु कार्यान्वयनको चरणमा रहेको पाईयो।

**निर्णय नं २**

कालिमाटी गाउँपालिका क्षेत्रभित्र चालु आ ब २०८०।०८१ मा विनियोजित योजनाहरुको प्रभावकारी रुपमा अनुगमन तथा निरीक्षण गरी फरफारक समितिमा पेश हुन आएका योजनाहरुको भुक्तानी गर्ने निर्णय गरियो। साथै योजना अनुगमन र भुक्तानी तपसिलको समय तालिका अनुसार गर्ने निर्णय गरियो।

**तपसिल**

CamScanner

| क्र स | बार | अवस्था |
|---|---|---|
| १ | आइतबार | योजना भुक्तानी |
| २ | सोमबार | योजना भुक्तानी |
| ३ | मंगलबार | योजना भुक्तानी |
| ४ | बुधवार | योजना अनुगमन |
| ५ | विहीवार | योजना अनुगमन |
| ६ | शुक्रबार | योजना अनुगमन |

**निर्णय नं ३**

गाउँपालिकाबाट दिइने भवन निर्माण अनुमति प्रक्रियालाई सरल बनाउन तथा भवन मापदण्ड र राष्ट्रिय भवन निर्माण संहिताको प्रभावकारी कार्यान्वयनको लागि कालिमाटी गाउँपालिकाको मस्यौदा समितिले तयार पारेको कालीमाटी गाउँपालिकाको भवन निर्माण अनुमति सम्बन्धी कार्यविधि २०८१ को मस्यौदालाई आवश्यक सुधार सहित अनुमोदन गरी राजपत्रमा प्रकाशित गर्ने निर्णय गरीयो।

**निर्णय नं. ४**

महिला शान्ति र सुरक्षा सम्बन्धि संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद् प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन सम्बन्धि दोस्रो राष्ट्रिय कार्ययोजना आ व २०७९।८०-२०८१।८२ को १२. ५ मा कार्ययोजना कार्यान्वयन स्थानीय समितिको व्यवस्था भएकोले तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

**तपसिल**

| | | |
|---|---|---|
| १ | श्री दान बहादुर खत्री के सी | संयोजक |
| २ | श्री गोरख बहादुर थापा | सदस्य |
| ३ | श्री रितु के सी तिमिल्सिना | सदस्य |
| ४ | श्री लक्ष्मण डाँगी | सदस्य |
| ५ | श्री देव बहादुर भण्डारी | सदस्य |
| ६ | श्री दिलिप रावत | सदस्य |
| ७ | श्री कृष्ण प्रसाद पौड्याल | सदस्य- सचिव |

निर्णय नं. ५

यस कालिमाटी गाउँपालिकाको भूक्षय जलाधार व्यवस्थापनको दृष्टिकोणले सम्वेदनशिल क्षेत्रहरुमा भू संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धि कृयाकलापहरु संचालन गर्ने सम्बन्धमा आगामि आर्थिक वर्ष २०८१।०८२ को लागि तपसिल बमोजिम कार्यक्रम प्रस्ताव गरी डिभिजन जलाधार व्यवस्थापन कार्यालय वीरेन्द्रनगर सुर्खेत पठाउने निर्णय गरियो ।

तपसिल

१. विपद जोखिम न्यूनीकरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन क्षेत्र

| क्र स | कार्यक्रम | वडा |
|---|---|---|
| १ | चङ्खेनी खोला गल्छी नियन्त्रण योजना | वडा १ |
| २ | सेतीखोला किनारा संरक्षण योजना | वडा २ |
| ३ | बगाले खोला किनारा नियन्त्रण योजना | वडा ३ |
| ४ | खारखोला पुरुवाखेत पहिरो नियन्त्रण योजना | वडा ४ |
| ५ | दमदुवाली ठाढो चिरा नियन्त्रण योजना | वडा ५ |
| ६ | डडुवा ठाराखोली गल्छी पहिरो नियन्त्रण योजना | वडा ६ |
| ७ | अग्रैसेनी खोला किनारा नियन्त्रण योजना | वडा ७ |

२. दिगो भू- व्यवस्थापन क्षेत्र

| क्र स | योजनाको नाम | वडा |
|---|---|---|
| १ | सुख्खा तथा नाङ्गा डाडाहरुमा भूक्ष्य तथा वृक्षा रोपन | ३ |
| २ | आलडाँडा वृक्षारोपन | ५ |
| ३ | घुइयावारी नर्सरी घारी वृक्षारोपन | ७ |

३. विकासका पूर्वाधार संरक्षण क्षेत्र

| क्र स | योजनाको नाम | वडा |
|---|---|---|
| १ | हल्दे किचेनखोला भल नियन्त्रण तथा नाला निर्माण | वडा नं २ |
| २ | निमारे डाङडुङे भल नियन्त्रण तथा नला निर्माण | वडा १ |

CS CamScanner

| | | |
|---|---|---|
| ३ | तोरीबारी खोला भल नियन्त्रण योजना | वडा ४ |
| ४ | बबई पुइबारी नाला निर्माण योजना | वडा ७ |
| ५ | स्याखु ज्यूला दलपुरे कुलो संरक्षण | वडा १ |
| ६ | दमदुवाली सिचाई कुलो बाँध संरक्षण | वडा ५ |
| ७ | बाघमारे कुलो संरक्षण | वडा ७ |
| ८ | कोछट्टे खोला सालटाकुरा सुकाली घोरेटो बाटो सुधार | वडा ४ |
| ९ | बैरेनी बाँध तथा तल्लो चिसतरा बाँध संरक्षण | वडा २ |
| १० | हात्ती ढुङगा बाँध निर्माण | ६ |
| ११ | राजीगाउँ बुदे सिचाई कुलो तथा बाध संरक्षण | ३ |
| १२ | ठाकुरसम्म तथा तरा सिचाई बाँध निर्माण | ४ |

४ जलवायू परिवर्तन अनुकुलन वा समानुकुलन विकास क्षेत्र

| क्र स | योजनाको नाम | वडा |
|---|---|---|
| १ | दलपुरे खेत संरक्षण | १ |
| २ | आम्वास घेरवार (आरक्षण क्षेत्र) | ७ |
| ३ | जलजला काफ्लनेटी खेतवारी संरक्षण | ६ |
| ४ | ज्यामिरे लामितरा खेतवारी संरक्षण | ४ |
| ५ | सिद्धबाबा कृषि वन संरक्षण | ४ |
| ६ | चिसेधारी मुहान संरक्षण | ७ |
| ७ | लरेसाझ हाडे मुहान संरक्षण | १ |
| ८ | किमिरे पोखरी संरक्षण | ३ |
| ९ | ज्यामिरे पोखरी संरक्षण | ६ |
| १० | घुइयावारी हात्तीदमार नदी तटीय खेती | ५ र ७ |
| ११ | सेतीखोला सिमसार क्षेत्र संरक्षण | २ |
| १२ | सुनचौर वर्षामा आधारित खेती संरक्षण | ४ |

CamScanner

| | | |
|---|---|---|
| १३ | सुकाली टाकुरा पोखरी पानी पुन:भरण संरक्षण | ४ |
| १४ | टारकोट पोखरी भलपानी संकलन | ५ |
| १५ | रेन हारभेस्टिङ निर्माण | ७ |
| १६ | कोट भलपानी पोखरी संरक्षण | १ |

५ संरक्षण आयमूलक कार्यक्रम कृषि वन विकास साझेदारी भूसंरक्षण क्षेत्र

| क्र स | योजनाको नाम | वडा |
|---|---|---|
| १ | पालिकास्तरीय भूसंरक्षण लागत साझेदारी | पालिकास्तरीय |
| २ | पालिकास्तरीय कृषि वन विकास लागत साझेदारी | पालिकास्तरीय |

**निर्णय नं ६**

यस कालिमाटी गाउँपालिका अन्तर्गत वडाहरुबाट छनौट भई सिफारिस भएका जस्ता पाता प्राप्त गर्ने लाभग्राहीहरुको लागि वडामा विनियोजन भएको बजेटको आधारमा लाभग्राही छनौट गर्न पालिकास्तरीय छनौट समितिको बैठक आयोजना गरी जस्तापाता वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

औषधी उपचारको लागि आर्थिक सहायता उपलब्ध गराउन निवेदन प्राप्त भएकाले अतिविपन्न घरपरिवार पहिचान गरी पूर्व निर्णयानुसारको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८**

कालिमाटी गाउँपालिका क्षेत्रभित्र डढेलोको कारण भौतिक क्षति हुन पुगेकाले उद्धार तथा राहतको लागि पाईप खरिद शिर्षकमा विनियोजीत रकमबाट खानेपानी पाइप खरिद गरी उपलब्ध गराउने र डढेलोको कारणले जलेर नष्ट भएका घरको छाना निर्माणको लागि पालिकाबाट जस्तापाता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ९**

कालिमाटी गाउँपालिका वडा नं. २ स्थित तारिकेमा अवस्थित चन्द्र बहादुर डाँगी स्मृति प्रतिष्ठानको लागि विनियोजन भएको बजेट उक्त प्रतिष्ठानलाई अनुदान दिने निर्णय गरियो ।

निर्णय प्रमाणित भयो

CamScanner